# मुसिकोट राजपत्र

मुसिकोट नगरपालिका द्वारा प्रकाशित

खण्ड १) मुसिकोट,गुल्मी,चैत्र ३० गते,२०७४ साल (संख्याः ३१

# भाग-२

## मुसिकोट नगरपालिका

## कृषि कार्यक्रम सञ्चालन तथा अनुदान सम्बन्धि कार्यविधि ,२०७४

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ तथा मुसिकोट नगरपाकिलाकाको कृषि व्यावसाय प्रवद्र्धन ऐन, २०७४ को दफा ८, ९ र ३८ बमोजिम मुसिकोट नगर कार्यपालिकाले वनाएको देहायको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा ३ वमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# कृषि कार्यक्रम सञ्चालन तथा अनुदान सम्बन्धि कार्यविधि ,२०७४

**प्रस्तावना**

मुसिकोट नगरपालिकाले कृषि क्षेत्रलाई सम्बृद्धिको आधार मानेको छ । कृषिमा आधुनिकिकरण, व्यवसायिकिकरण, औधोगिकिकरण गरी नागरिकको आय वृद्धि गर्न, रोजगारी सृजनाका लागि मुसिकोट नगरपाकिलाकाको कृषि व्यावसाय प्रवद्र्धन ऐन, २०७४ को दफा ८, ९ र ३८ बमोजिम यो कृषि कार्यक्रम सञ्चालन तथा अनुदान सम्बन्धि कार्यविधि, २०७४ तयार गरी लागु गरिएको छ ।

## परिच्छेद –१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यो कार्यविधिको नाम कृषि कार्यक्रम सञ्चालन तथा अनुदान सम्बन्धि कार्यविधि, २०७४ रहेको छ ।

(२) यो कार्यविधि स्वीकृती भएको मिति बाट लागू हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क. “ऐन” भन्नाले मुसिकोट नगरपालिकाको कृषि व्यवसाय प्रवद्र्धन ऐन, २०७४ सम्झनु पर्दछ ।

ख. “नगरपालिका” भन्नाले मुसिकोट नगरपालिका सम्झनु पर्दछ ।

ग. “कार्यपालिका” भन्नाले मुसिकोट नगर कार्यपालिका सम्झनु पर्दछ ।

घ. “प्रमुख” भन्नाले मुसिकोट नगरपालिकाको प्रमुख सम्झनु पर्दछ ।

ङ. “उपप्रमुख” भन्नाले मुसिकोट नगरपालिकाको उपप्रमुख सम्झनु पर्दछ ।

मुसिकोट राजपत्र

च. “आर्थिक विकास समिति” भन्नाले कृषि क्षेत्र समेत हेर्ने गरी कार्यपालिकाको निर्णयबाट गठित समिति सम्झनु पर्दछ ।

छ. “संयोजक” भन्नाले आर्थिक विकास समितिको संयोजन सम्झनु पर्दछ ।

ज. “वडा” भन्नाले मुसिकोट नगरपालिकाका वडा कार्यालय सम्झनु पर्दछ ।

झ. “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले मुसिकोट नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

ञ. “अनुदान” भन्नाले यस कार्यविधि अन्तर्गत दिईने अनुदान सम्झनु पर्दछ ।

३. **कार्यक्रमका उद्देश्य** : यस कार्यविधिका उद्देश्य देहाय वमोजिम हुनेछ ,

क. प्रत्येक नागरिकले आफ्नै करेसाबारीमा फलेको स्वस्थ तरकारी उत्पादन गरी, सन्तुलित आहार सेवन गरी स्वस्थ जिवन जिउने तथा नागरीकलाई आर्थिक बचतमा समेत सहयोग पु¥याउने ।

ख. नागरिकको आय वृद्धि, रोजगारी सृजना तथा मासुमा आत्मनिर्भर बनाउने ।

ग. नगदे बाली कफि उत्पादनलाई नागरिकको आम्दानी, रोजगारी सँगै पर्यटन विकासमा जोड्दै कफि उत्पादन क्षेत्रको रुपमा मुसिकोट नगरपालिकाको ऐतिहासिक राष्ट्रिय पहिचानलाई अभिबृद्दी गर्ने ।

घ. अनार, अमिलो, कागती, लिची, आँप, सुन्तला लगायत विभिन्न जातका फलफूल उत्पादन गरी नागरिकको आय वृद्धि गर्ने ।

ङ आधुनिक कृषि प्रणली अवलम्वन गरी उत्पादकत्व बृध्दिका साथै कृषिमा आधारीत उद्योग सञ्चालन गरी, रोजगारी सिर्जना गर्ने ।

मुसिकोट राजपत्र

च. भकारो सुधार :– कृषकको भकारो सुधार गरी गाई, भैँसीको बसाई व्यवस्थापन गरी दुध उत्पादन बढाउने ।

छ. विशेष अनुदान :– कृषकलाई थप लगानी लगाउन उत्साहित बनाई व्यवसायिक, औधोगिक बनाई रोजगारी वृद्धि गर्ने तथा प्रर्याप्त आम्दानी गराई स्वदेशमै युवाहरुलाई आकर्षण गर्ने तथा विदेशीएका युवाहरुलाई समेत स्वदेशमै व्यवसाय संचालन गर्न उत्प्रेणा गर्ने ।

ज. अन्य अनुदान :– आवश्यकता अनुसार कृषि क्षेत्रमा सहयोग पु-याउने हेतुले विविध किसिमका अनुदान कार्यक्रम संचालन गर्ने ।

## परिच्छेद –२

## कार्यक्रम संचालन

४. अभियान तथा कार्यक्रम संचालन गर्ने :– दफा ३ का उद्देश्य पुरा गर्न नगरपालिका क्षेत्र भित्र देहायका अभियान तथा कार्यक्रम संचालन गरिने छ ,

क. करेसाबारी निर्माण अभियान

ख. बाख्रा पालनका लागि टेवा कार्यक्रम

ग. कफि लगाऔ, आम्दानी बढाऔ अभियान कार्यक्रम

घ. फलफूल बगैँचा निर्माण कार्यक्रम

ङ कृषि उपकरण, मेसिन, औजार आदि अनुदान कार्यक्रम

च. भकारो सुधार

छ. विशेष अनुदान

ज. अन्य अनुदान

५. **कार्यक्रम संचालन कार्यविधि** : दफा ४ का कार्यक्रम संचालन गर्न देहायका कार्यविधि पुरा गर्नु पर्ने छ ,



मुसिकोट राजपत्र

**क. करेसाबारी निर्माण अभियान** :– (१) करेसाबारी निर्माण अभियानका लागी कम्तिमा २५ र बढीमा ४० जना कृषकले समूह गठन गरी समूह दर्ता गरे पछि, सम्बन्धित वडा कार्यालयमा करेसाबारी निर्माणका लागि निवेदन दिनु पर्ने छ ।

(२) समूहमा एउटै टोल, बस्तीका सकेसम्म भुगोलको श्रृङ्खला नटुट्ने गरी सदस्य रहनु पर्दछ ।

(३) नगरपालिकामा आवश्यक प्रकृया पूरा गरी समूह दर्ता हुनु पर्दछ ।

(४) सम्बन्धित वडा कार्यालयले निवेदन संकलन गरी वडा कार्यालयको सिफारिस सहित सबै  निवेदन एकसाथ कृषि शाखामा दर्ता गर्नु पर्ने छ ।

(५) कृषि शाखाले कार्यालयको आन्तरिक प्रकृया पूरा गरी वडा कार्यालयबाट प्राप्त निवेदन  दर्ता भएको मितिले ७ दिन भित्र सम्बन्धित समूहलाई करेसाबारी निर्माण स्वीकृती पत्र दिनु पर्ने छ ।

(६) स्वीकृती पत्र दिन नसकेमा सोको कारण खुलाई सम्बन्धित समूहलाई ७ दिन भित्र लिखित जानकारी दिनु पर्दछ ।

(७) स्वीकृत पत्र प्राप्त गरेपछि सम्बन्धित समूहले निम्न बमोजिमको कार्य गर्नु पर्ने छ ।

(क) समूहका प्रत्येक सदस्यले निश्चित क्षेत्र (सकेसम्म करिब ४ आना क्षेत्रफल हुने गरी) घरको नजिकै करेसाबारी क्षेत्र निर्धारण गर्नु पर्दछ ।

(ख) करेसाबारीको निर्धारित क्षेत्र घेराबार गर्नु पर्दछ ।

(ग) करेसाबारीमा  जुनसुकै बेला सिचाई गर्ने गरी पानीको व्यवस्था हुनु पर्दछ ।

(घ) करेसाबारीमा समूहको नाम, ठेगाना, कृषकको नाम, टेलिफोन नम्बर आदि खुलेको सानो सूचना बोर्ड राख्नु पर्दछ ।

(ङ) खेतीमा विविधिकरण गर्नु पर्दछ ।

(च) जैविक मल, जैविक विषादीको मात्र प्रयोग गर्नु पर्दछ ।

(छ) अनुगमनका लागि खटिएको टोलीलाई सहयोग गर्नु पर्दछ ।

(ज) करेसाबारी सञ्चालनमा प्राविधिकले दिएको आवश्यक सल्लाह पालना गर्नु पर्दछ ।

(८) समूहका सदस्य मध्ये पनि करेसाबारी निर्माण गरेका सदस्यले मात्र अनुदान प्राप्त गर्ने छ ।

(९) करेसाबारी निर्माण अभियानका प्रत्येक सदस्यले रु. ४००० । (चारहजार) का दरले अनुदान पाउने छन् ।

(१०) समूहले भुक्तानीको लागि नगरपालिकाको कृषि शाखामा निवेदन दिनु पर्दछ ।

(११) भुक्तानीको लागि निवेदन आएको मितिले १५ दिन भित्र अनुगमन गरी भुक्तानी दिई सक्नुपर्ने छ ।

**ख. बाख्रा पालनका लागि टेवा कार्यक्रम :–** (१) बाख्रा पालनका लागि टेवा कार्यक्रमका लागी कम्तिमा १० जना कृषकले समूह गठन गरी, समूह गरे पछि सम्बन्धित वडा कार्यालयमा बाख्रा पालनका लागि टेवा कार्यक्रमका लागि निवेदन दिनु पर्नेछ ।

(२) समूहमा एउटै टोल, बस्तीका सदस्यहरु हुन पर्दछ ।

(३) नगरपालिकामा आवश्यक प्रकृया पूरा गरी समूह दर्ता हुनु पर्दछ ।

(४) सम्बन्धित वडा कार्यालयले निवेदन संकलन गरी वडा कार्यालयको सिफारिस साथ सबै निवेदन एक साथ पशु शाखामा दर्ता गर्नु पर्नेछ ।

(५) पशु शाखाले कार्यालयको आन्तरीक प्रकृया पूरा गरी वडा कार्यालयबाट प्राप्त निवेदन दर्ता भएको मितिले ७ दिन भित्र सम्बन्धित समूहलाई बाख्रा पालनका लागि टेवा कार्यक्रम स्वीकृती पत्र दिनु पर्दछ ।

(६) स्वीकृती पत्र दिन नसकेमा सोको कारण खुलाई सम्बन्धित समूहलाई ७ दिन भित्र लिखित जानकारी दिनु पर्दछ।

(७) स्वीकृत पत्र प्राप्त गरे पछि सम्बन्धित समूहले निम्न बमोजिमको कार्य गर्नु पर्नेछ।

(क) कम्तिमा १५ वटा बाख्रा, पाठापाठी अट्ने गरी पशु शाखा कार्यालयले दिएको आधुनिक खोरका विभिन्न नमूना मध्येबाट मात्र खोर बनाउनु पर्दछ।

(ख) प्रत्येक कृषकले खोरको नजिकै बाख्रा, पाठापाठी खेल्न मिल्ने, खुल्ला ठाँउ छुट्याई घेराबार गर्नु पर्दछ।

(ग) कम्तिमा पाठापाठी, ब्याडेबोका, बिक्री योग्य बोका बाहेक ३ वटा प्रजनन् योग्य माउ बाख्रा पालिएको हुनु पर्दछ।

(घ) बाख्रा बस्ने ठाँउ र जुतो खस्ने जमिनको उचाई कम्तिमा ४ फिट हुनपर्दछ।

(ङ) पशु सेवा कार्यालयबाट दिएका निर्देशन, परामर्श पालन गर्नु पर्दछ।

(च) अनुगमनका लागि खटिएको टोलिलाई सहयोग गर्नु पर्दछ।

(८) समूहका सदस्य मध्ये पनि निर्माण गरेका सदस्यले मात्र अनुदान प्राप्त गर्ने छ।

(९) बाख्रा पालनका लागि टेवा कार्यक्रमका लागि प्रत्येक सदस्यले रु. १०००० हजार अनुदान पाउने छ।

(१०) समूहले भुक्तानीका लागि नगरपालिकाको पशु शाखामा निवेदन दिनु पर्दछ।

(११) भुक्तानीको लागि निवेदन आएको मितिले १५ दिन भित्र अनुगमन गरी भुक्तानी दिई सक्नुपर्नेछ।

मुसिकोट राजपत्र

**ग. कफि लगाऔ, आम्दानी बढाऔ अभियान कार्यक्रमः–** (१) कम्तिमा १०० वटा कफिका बोट लगाउन चाहाने नगरपालिका क्षेत्र भित्रका कृषकले सम्बन्धित वडा कार्यालयमा कफि खेतीका लागि निवेदन दिनु पर्दछ ।

(२) सम्बन्धित वडा कार्यालयले निवेदन संकलन गरी वडा कार्यालयको सिफारिस सहित सबै निवेदन एक साथ कृषि शाखामा दर्ता गर्नु पर्दछ ।

(३) कृषि शाखाले वडा कार्यालयबाट प्राप्त निवेदन दर्ता भएको मितिले ७ दिन भित्र सम्बन्धित कृषकलाई कफि खेती गर्न स्वीकृती पत्र दिनु पर्नेछ ।

(४) स्वीकृती दिन नसकेमा सोको लिखित कारण सहित सम्बन्धित कृषकलाई ७ दिन भित्र जानकारी दिनु पर्दछ ।

(५) स्वीकृती पत्र प्राप्त गरे पछि सम्बन्धित कृषकले निम्न बमोजिमको कार्य गर्नु पर्दछ ।

(क) तोकिएको मापदण्डमा रही समयमै खाडल खनि सक्नु पर्दछ ।

(ख) विरुवा लगाउनु भन्दा अगाडी प्रारम्भिक उपचार विधि पूरा गर्नु पर्दछ ।

(ग) मान्यता प्राप्त कृषि अनुसन्धान केन्द्रमा उत्पादन भएका विरुवा मात्र लगाउनु पर्दछ ।

(घ) अनुगमनका लागि खटिएको टोलिलाई सहयोग गर्नु पर्दछ ।

(ङ) प्राविधिकले दिएको सल्लाह तथा निर्देशनलाई पालना गर्नु पर्दछ ।

(६) कफि लगाऔ, आम्दानी बढाऔ अभियान कार्यक्रमका प्रत्येक कृषकले प्रत्येक १०० वोटको लागि रु. १००००  अनुदान पाउने छ ।

(७) जम्मा अनुदान रकम मध्ये पहिलो वर्षमा ५० प्रतिशत, दोस्रो वर्षमा ३० प्रतिशत र तेस्रो वर्षमा २० प्रतिशत गरी क्रमशः भुक्तानी दिईने छ ।



मुसिकोट राजपत्र

(८) भुक्तानीका लागि नगरपालिकाको कृषि शाखामा निवेदन दिनु पर्दछ ।

(९) भुक्तानीका लागि निवेदन आएको मितिले १५ दिन भित्र अनुगमन गरी भुक्तानी दिई सक्नु पर्दछ ।

घ. **फलफूल बगैँचा निर्माण कार्यक्रम :–** (१) एउटै जातको कम्तिमा ३ रोपनीमा फलफूल बगैँचा निर्माण गर्न चाहाने कृषकले वडा कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(२) सम्बन्धित वडा कार्यालयले त्यस्ता निवेदन संकलन गरी वडा कार्यालयको सिफारिस सहित एकसाथ निवेदन कृषि शाखामा दर्ता गर्नु पर्नेछ ।

(३) कृषि शाखाले कार्यालयको आन्तरिक प्रकृया पूरा गरी वडा कार्यालयबाट प्राप्त निवेदन दर्ता भएको मितिले ७ दिन भित्र सम्बन्धित कृषकलाई फलफूल बगैँचा निर्माणका लागि स्वीकृती पत्र दिनु पर्दछ ।

(४) स्वीकृत गर्न नसके सोको कारण खुलाई ७ दिन भित्र सम्बन्धित कृषकलाई लिखित जानकारी दिनु पर्दछ ।

(५) स्वीकृत पत्र प्राप्त गरी सकेपछि सम्बन्धित कृषकले निम्न बमोजिमको कार्य गर्नु पर्दछ ।

(क) फलफूलव बगैँचा एउटै जातको हुनु पर्दछ ।

(ख) कम्तिमा ३ रोपनीमा बगैँचा निर्माण भएको हुनु पर्दछ ।

(ग) फलफूल बगैँचालाई जुनसुकै बखत सिचाई गर्ने गरी पानीको व्यवस्था गर्नुपर्दछ ।

(घ) सकेसम्म जैविक मल, जैविक विषादीको मात्र प्रयोग गर्नु पर्दछ

(ङ) तोकिएको मापदण्डमा रही समयमै खाडल खनी सक्नु पर्दछ ।

(च) विरुवा लगाउनु अगाडी प्रारम्भिक उपचार विधि पूरा गर्नु पर्दछ ।

मुसिकोट राजपत्र

(छ) श्रोत केन्द्र वा अनुसन्धान केन्द्र वा नगरपालिकाले तोकेको उत्पादन केन्द्रमा उत्पादन भएका विरुवा मात्र लगाउनु पर्दछ ।

(ज) अनुगमनका लागि खटिएका टोलिलाई सहयोग गर्नु पर्दछ ।

(झ) प्राविधिकले दिएको परामर्श र निर्देशनलाई पालना गर्नु पर्दछ ।

(६) अनुदान रकम अनुगमन समितिको सिफारिस बमोजिम प्रति वोट रु. १५० को दरले दिईने छ ।

(७) भुक्तानीको लागि नगरपालिकाको कृषि शाखामा निवेदन दिनु पर्दछ ।

(८) भुक्तानीका लागि निवेदन आएको मितिले १५ दिन भित्र अनुगमन गरी भुक्तानी दिई सक्नु पर्दछ ।

**ङ कृषि उपकरण, मेसिन, औजार, सामाग्री आदि अनुदान कार्यक्रम :–** (१) नगरपालिका भित्रका कृषकहरुलाई सबै किसिमका कृषि औजार, सामाग्री, मेसिन, प्रशोधन केन्द्र, दुग्ध चिस्यान केन्द्र, कृषि उद्योगमा प्रयोग हुने सामाग्री आदि कृषिजन्य विविध उपकरणमा २५ प्रतिशत देखि ९० प्रतिशत सम्म अनुदान दिन सकिनेछ ।

(२) कृषकको निवेदन वडा कार्यालय, कृषि तथा पशु सेवा शाखा कार्यालयमा संकलन गरिने छ ।

(३) प्राथमिकिकरण गर्दा क्रमशः समूह, फर्म, सहकारी, व्यक्तिलाई प्राथमिकता दिईने छ ।

(४) हाते ट्याक्टर, चाप कटर, मकै छोड्याने मेसिनमा ५० प्रतिशत अनुदान दिईने छ ।

(५) अन्य उपकरण, मेसिन, औजार, सामाग्रीमा दिईने अनुदान रकम आर्थिक विकास समितिको निर्णय बमोजिम हुने छ ।

(६) उपकरण, मेसिन, औजार, सामाग्री नगरपालिकाले खरिद गरी अनुदान बाहेकको रकम सम्बन्धित कृषकबाट नगरपालिकाको खातामा दाखिला गराई सके पश्चात् मात्र उपलब्ध गराइने छ।

(७) उपकरण, मेसिन, औजार, सामाग्री खरिद प्रकृया नगरपालिकाले कानुन बमोजिम गर्नेछ।

**च. भकारो सुधारो अनुदान कार्यक्रम :–** (१) भकारो सुधारको लागि कृषकले सम्बन्धित वडा कार्यालयमा निवेदन दिनु पर्नेछ।

(२) वडा कार्यालयले निवेदन सङ्कलन गरी सकेपछि पशु शाखा कार्यालयमा निवेदनहरु दर्ता गर्नुपर्नेछ।

(३) पशु शाखाले निवेदन प्राप्त भएको मितिले ७ दिन भित्र सम्बन्धित वडालाई कार्यक्रम स्वीकृत भएको जानकारी पत्र दिनु पर्नेछ।

(४) स्वीकृत हुन नसकेमा सोको कारण खुलाई ७ दिन भित्र वडा कार्यालयलाई लिखित जानकारी दिनु पर्नेछ।

(५) वडा कार्यालयले स्वीकृती प्राप्त गरेको ३ दिन भित्र सम्बन्धित कृषकलाई काम गर्नको लागि सूचना दिनु पर्नेछ।

(६) कृषकले भाकारोलाई गाई, भौँसी बस्न सुविधा हुने गरी आधुनिक तरिकाले ढलान गर्नु पर्नेछ।

(७) पिसाब सङ्कलनका लागि कम्तिमा १ फुट गहिरो, २ फुट चौडाई, २ फुट लम्बाईको ट्याङ्की बनाउनु पर्नेछ।

(८) भकारो सुधारका लागि प्रत्येक कृषकलाई रु. ७५०० अनुदान दिईनेछ।

**छ. विशेष अनुदान कार्यक्रम :–** (१) नगरपालिकाले कृषिलाई रोजगारी सृजना, नागरिकको आयआर्जन वृद्धि, कृषि पर्यटन आदिलाई मध्यनजर गरी ठुला, मझौला, साना विशेष अनुदान कार्यक्रम संचालन गर्नेछ।

मुसिकोट राजपत्र

(२) यस्तो कार्यक्रम संचालन गर्दा कृषिको आधुनिकिकरण, व्यवसायिकरण, औधोगिकिकरणलाई जोड दिईने छ ।

(३) कृषकसँग ६०/४०, ७०/३०, ५०/५० लागत साझेदारी सम्बन्धि अग्रिम जानकारी गराई सार्वजनिक सूचना आह्वान गरी प्रस्ताव संकलन गरीने छ ।

(४) कस्तो कार्यक्रम, कति अनुदान, कृषक छनौट विधि आदि आर्थिक विकास समितिले निर्णय गरे बमोजिम हुनेछ ।

(५) आर्थिक विकास समितिले नर्म्स तयार गरी छनौट गरेका कृषकले नगरपालिकासँग सम्झौता गरी काम अगाडी बढाउनु पर्नेछ ।

ज. **अन्य अनुदान** :–(१) नगरपालिकाले कृषि विकासका लागि विभिन्न किसिमका अनुदान कार्यक्रम संचलान गर्न सक्नेछ ।

(२) अन्य अनुदान सम्बन्धि संचालन, व्यवस्थापन आर्थिक विकास समितिको निर्णय बमोजिम सम्बन्धित शाखाबाट हुनेछ ।

**६. अनुगमन समिति :–**

(क) आर्थिक विकास समितिका संयोजक वा निजले तोकेको आर्थिक विकास समितिका सदस्य १ जना – संयोजक

(ख) कृषि शाखाको प्रमुख वा निजले तोकेको कृषि शाखाका कर्मचारी १ जना – सदस्य

(ग) नगर प्रमुखले तोकेको नगरसभाका सदस्यहरु मध्येबाट १ जना – सदस्य

(घ) अनुगमन समितिको कार्यव्यस्तताका कारण तत्काल अनुगमन गर्न असमर्थ भएमा अनुगमन समितिको निर्णय बमोजिम आर्थिक समितिको सदस्य वा कृषि शाखाका कर्मचारीलाई अनुगमनका लागि खटाउन सकिने छ ।

मुसिकोट राजपत्र

**७. भुक्तानीको लागि चाहिने कागजात :–**

(क) निवेदन

(ख) वडा अध्यक्षको सिफारिस

(ग) अनुगमन समितिको सिफारिस

(घ) काम सम्पन्न भएको रङ्गिन फोटो

**८. छनौट समिति :–** (१) यस कार्यविधि बमोजिमका कार्यक्रम संचालनका लागि निम्न बमोजिमको छनौट समिति रहनेछ ।

(क) आर्थिक विकास समितिका संयोजक – संयोजक

(ख) नगरसभाका सदस्यहरु मध्येबाट नगरप्रमुखले तोकेको व्यक्ति एक जना – सदस्य

(ग) आर्थिक विकास समितिका सदस्यहरु मध्य एक जना – सदस्य

(घ) कृषि शाखाका प्रमुख – सदस्य

(ङ) पशु शाखाका प्रमुख – सदस्य

(च) नगरपालिका इन्जिनियर – सदस्य

(छ) प्रमुख प्रशासकीय अधिकृतले तोकेको कर्मचारी – सदस्य सचिव

(२) छनौट समितिले आर्थिक विकास समितिको निर्णय बमोजिमका विधि, प्रकृया अवलम्बन गरी काम गर्नेछ ।

## परिच्छेद — ३

## कृषक परिचय पत्र

**९. अगुवा तथा व्यवसायिक कृषक परिचय पत्र :–** (१) नगरपालिकाका कृषकहरुलाई लगत खडा गरी कृषक परिचय पत्र प्रदान गरीनेछ ।

(२) निम्न कृषकलाई अगुवा कृषक मानि कृषक परिचय पत्र दिईनेछ ।

(क) आधुनिक तरिकाले कम्तिमा २ रोपनी जग्गामा तरकारी खेती गर्ने ।

(ख) ४ भन्दा बढी गाई, भैँसी पालन गरेको, दैनिक १० लिटर भन्दा बढी दुध बेच्ने ।

(ग) २० घार भन्दा बढी मौरी पालन गरेको ।

(घ) ३ रोपनी जग्गामा एकै प्रकारको फलफूल खेती गर्ने ।

(ङ) वार्षिक ४०० के.जि. भन्दा बढी माछा उत्पादन गर्ने ।

(च) ५०० भन्दा बढी कुखुरा पाल्ने ।

(छ) नगदे बाली विक्रि गरी वार्षिक रु. २ लाख भन्दा बढी आम्दानी गर्ने ।

(ज) कृषि गरी वार्षिक रु. २ लाख भन्दा बढी आम्दानी गर्ने ।

(३) निम्न कृषकलाई व्यवसायिक कृषक मानि कृषक परिचय पत्र दिईनेछ ।

(क) आधुनिक तरिकाले कम्तिमा ५ रोपनी जग्गामा तरकारी खेती गर्ने ।

(ख) ८ भन्दा बढी गाई, भैँसी पालन गरेको, दैनिक २५ लिटर भन्दा बढी दुध बेच्ने ।

(ग) ५० घार भन्दा बढी मौरी पालन गरेको ।

(घ) ७ रोपनी जग्गामा एकै प्रकारको फलफूल खेती गर्ने ।

(ङ) वार्षिक १००० के.जि. भन्दा बढी माछा उत्पादन गर्ने ।

(च) १००० भन्दा बढी कुखुरा पाल्ने ।

(छ) नगदे बाली विक्रि गरी वाािर्षक रु. ४ लाख भन्दा बढी आम्दानी गर्ने ।

(ज) कृषि व्यवसाय गरी वार्षिक रु. ४ लाख भन्दा बढी आम्दानी गर्ने ।

मुसिकोट राजपत्र

(४) दफा ९ को २ र ३ को कुन क्षेत्रमा, कति उत्पादन र आम्दानी गरी अगुवा वा व्यवसायिक कृषक हो ठहर गरी वडा समितिको निर्णय बमोजिम वडा कार्यालयबाट नगरपालिकामा अगुवा वा व्यवसायिक कृषक परिचय पत्र दिनका लागि सिफारिस गर्नुपर्दछ।

(५) उपदफा ४ बमोजिम सिफारिस भई आएका कृषकहरु मध्येबाट आर्थिक विकास समितिले कृषक परिचय पत्र दिनका लागि निर्णय गर्नेछ

## परिच्छेद — ४

## संशोधन तथा परिमार्जन

१०.**संशोधन तथा परिमार्जन** : यस कार्यविधिलाई व्यवस्थित बनाउन आवश्यकता अनुसार नगर कार्यपालिकाबाट संशोधन तथा परिमार्जन गर्न सकिने छ।

## परिच्छेद — ५

## खारेजी तथा बचाउ

११.**खारेजी तथा बचाउ** : यस कार्यविधिमा व्यवस्था भएका कुराहरुको हकमा यसै अनुसार अन्यमा प्रचलित कानुन वमोजिम हुनेछ। प्रचलित कानुनसँग बाझिएको हकमा वाझिएको हदसम्म अमान्य हुनेछ।

**प्रमाणिकरण मिति** : २०७४।१२।३०

**आज्ञाले,**
**घनश्याम न्यैपाने**
**प्रमुख प्रशासकीय अधिकृत**

**मूल्य रू।२०**

मुसिकोट राजपत्र